नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

पत्र संख्याः-

चलानी संख्याः-

## प्रेस विज्ञप्ति

मिति २०८०/०१/०५ गते देखि काठमाण्डौमा सुरू भएको तीन दिने Sub-Regional Workshop on " Structural Transformation towards a Sustainable Graduation from Least Developed Country Category" आज मिति २०८०/०१/०७ गते सम्पन्न भयो। राष्ट्रिय योजना आयोग, एसिया तथा प्यासिफिक क्षेत्रका लागि संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक आयोग (United Nations Economic and Social Commission for Asia and the Pacific) र संयुक्त राष्ट्रसंघीय आवासीय संयोजकको कार्यालयले संयुक्त आयोजना रहेको उक्त कार्यशालामा नेपाल लगायत भुटान, जनगणतान्त्रिक बंगलादेश र गणतन्त्र माल्दिभ्सका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। उक्त कार्यशालामा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीन बहादुर श्रेष्ठ, संयुक्त राष्ट्र संघका उपमहासचिव तथा ESCAP कार्यकारी सचिव H.E. Armida Salsiah Alisjahbana, दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनका महासचिव H.E. Esala Ruwan Weerakoon, राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. राम कुमार फुयाल, राष्ट्रिय योजना आयोगका सचिव श्री केवल प्रसाद भण्डारी, सातै प्रदेशका आर्थिक मामिला सचिवहरू, विभिन्न मन्त्रालयका उच्च स्तरीय पदाधिकारीहरू, ESCAP का कर्मचारीहरू, नेपालस्थित संयुक्त राष्ट्रसंघीय निकायहरुका प्रतिनिधिहरूले सहभागिता जनाउनुभएको थियो।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीन बहादुर श्रेष्ठले उद्घाटन सत्रमा आफ्नो स्वागत मन्तब्यमा Smooth Transition Strategy का लागि नीतिगत तथा संरचनागत सुधार अपरिहार्य रहेको विचार व्यक्त गर्नुभयो। सो अवसरमा उपाध्यज्यूले स्तरोन्नतिपश्चात् नेपालले हाल पाईरहेका Duty Free, Quota Free market access, Special and Differential Treatment लगायतका सहायताहरू गुमाउने हुँदा ती चुनौतीहरुलाई पार गर्न कार्यान्वयनयोग्य रणनीतिको आवश्यकता रहेको जानकारी गराउँनुभयो। नेपालका लागि संयुक्त राष्ट्रसंघीय आवासीय संयोजक Ms. Hanna Fikry Ahmed Singer Hamdy ले कार्यशालाको सम्पूर्ण सहभागीहरूलाई स्वागत गर्दै कार्यशालाको औचित्यमाथि प्रकाश पार्नुभयो। स्तरोन्नतिलाई आर्थिक पाटोबाट मात्र नभई समग्र सामाजिक विकाससँगै जनताको जीवनस्तर समेत उकास्नुपर्ने कुरामा प्रकाश पार्नुभयो। संयुक्त राष्ट्र संघका उपमहासचिव तथा ESCAP कार्यकारी सचिव H.E. Armida Salsiah Alisjahbana ले अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुन गईरहेकोमा नेपाल, भुटान र जनगणतान्त्रिक बंगलादेशलाई बधाई ज्ञापन गर्दै पूर्वाधाहरू विशेष गरी ऊर्जा, यातायात, सञ्चार, स्वास्थ्य र औद्योगिक क्षेत्रमा आवश्यक रुपान्तरणका लागि साथ दिनु हुने कुरा व्यक्त गर्नुभयो। दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनका महासचिव H.E. Esala Ruwan Weerakoon ले स्तरोन्नतिमा साथ दिने साथै आवश्यक प्राविधिक सहायता प्रदान गर्ने आश्वासन व्यक्त गर्नुभयो।

उक्त कार्यक्रममा सन् २०२३ मा स्तरोन्नति हुन गईरहेको भुटान, सन् २०२६ मा स्तरोन्नति हुन गईरहेको नेपाल र जनगणतान्त्रिक बंगलादेशका प्रतिनिधिहरूले अतिकम विकसित मुलुकबाट स्तरोन्नतिका लागि भईरहेका